☎ ०४४-५५०६७५

नेपाल सरकार

# बर्दिवास नगरपालिकाको कार्यालय

बर्दिवास, महोत्तरी

पत्र संख्या :०७२।०७३
च.नं :- १५८८

मिति : २०७२।११।०३

विषय : आशय पत्र पेश गर्ने सूचना ।

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट चालु आ.व.२०७२।७३ को परिषदबाट स्वीकृत तपशिल अनुसारको प्रवर्द्धनात्मक तथा लक्षित वर्ग तर्फका कार्यक्रम संचालन गर्न यस कार्यालयबाट मिति २०७२।०५।२७ मा ईच्छुक गै.स.स., सामुदायिक संस्था, लक्षित वर्गका नगरस्तरीय संजाल, सहकारी संघ संस्था, सामुदायिक विधालय समेतलाई आशय पत्र पेश गर्ने बारेमा सूचना प्रकाशित गरिएकोमा तोकिएको म्याद भित्र पेश हुन आएका प्रस्तावहरुमा माग गरे अनुसार नियमानुसार पेश गर्नु पर्ने कागजात पेश हुन नआएको, नपाइएकोले पुनः यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयबाट तयार गरिएको आशय पत्र भरी संस्थाको इजाजत प्रमाणपत्रको फोटोकपि,पान नं.को फोटोकपि, आ.व.२०७२।७३ संस्था नवीकरण फोटोकपि, आ.व.२०७१।७२ को कर चुक्ताको प्रमाण पत्रको फोटोकपि, आ.व.२०७१।७२ को लेखा परीक्षणको फोटोकपि, अनुभव सम्बन्धी विवरणको फोटोकपि संलग्न गरी पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गरिन्छ । आशय पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिनको भोलि पल्ट आशय पत्र दर्ता गर्न सकिनेछ । पेश हुन आएका आशय पत्र आंशिक रुपमा स्वीकृत गर्ने, सम्पूर्ण स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ । साथै पुर्व मितिमा आशय पत्र पेश गर्ने व्यक्ति संस्थाले पुनः आशय पत्र पेश गर्नुपर्ने व्यहोरा समेत जानकारी गराईन्छ । छनौटको आधार न्यूनतम रकम अधिकतम लाभान्वित उपभोक्ताको आधार मुख्य हुनेछ ।

तपशिल

| सि.नं | कार्यक्रमको नाम | स्वीकृत रकम |
|---|---|---|
| १ | सिकर्मी डकर्मी सम्वन्धि तालिम | ५०,०००।- |
| २ | वनवातारण, विपद जलवायु परिवर्तन,प्लाष्टि झोला निशेधित र सुधारिएको चुल्हो कार्यक्रम | २,७५,०००।- |
| ३ | महिला विशेषज्ञ स्वास्थ्य शिविर कार्यक्रम | १०,३४०।- |
| ४ | लोकसेवा तयारी (महिला ) कक्षा संचालन कार्यक्रम | १,५०,०००।- |
| ५ | पत्रकारिता प्रशिक्षण | १,५०,०००।- |
| ६ | महिला कम्प्युटर तालिम कार्यक्रम | १,५०,०००।- |
| ७ | सिलाई कटाइ तालिम (एडभान्स) | १,५०,०००।- |
| ८ | हाउस वाइरिङ | ५०,०००।- |

**पुनश्चः** एक संस्थाले एक कार्यक्रमको मात्र आशय पत्र पेश गर्न सक्नेछन् ।

०४४-५५०६७५

नेपाल सरकार

# बर्दिवास नगरपालिका कार्यालय

बर्दिवास, महोत्तरी

पत्र संख्या :०७२।०७३
च.नं :- ३७८६

मिति : २०७२।११।०३

विषय :- सुचना टाँस गरी जानकारी पठाइदिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय
महोत्तरी
श्री जि.वि.स.को कार्यालय
महोत्तरी
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
महोत्तरी
श्री एकीकृत सेवा केन्द्र
बर्दिबास
श्री मालपोत कार्यालय
बर्दिबास
श्री बर्दिबास अस्पताल
बर्दिबास
श्री नापी कार्यालय
बर्दिबास

उपरोक्त विषयमा यस कार्यालयद्धारा मिति ०७२।११।०३ गते प्रकाशित आशयपत्र पेश गर्ने सम्बन्धि सूचना थान १ यसै साथ संलग्न गरी पठाइएको छ ,प्राप्त भएपछि ताहाँको सूचना पाटीमा टाँस गरी जानकारी पठाइदिन हुन अनुरोध छ ।

७२/११/३

प्रमुख प्रशासकीय अधिकृत

e-Mail: bardibasmunicipality@gmail.com, WebSite-www.bardibasmun.gov.np